मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा
राष्ट्रिय दैनिक
www.sajhakuranews.com

## ज्योति माविको सहायक प्रअमा नानुमाया

हेटौंडा, ८ साउन/हेटौंडा उपमहानगरपालिका-१८, हर्नामाडीस्थित ज्योति माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)मा नानुमाया डिम्डुङ सहायक प्रधानाध्यापकमा नियुक्त भएकी छन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हर्क रम्तेलले विज्ञप्तीमार्फत् डिम्डुङलाई सहायक प्रधानाध्यापकमा नियुक्त गरेको जानकारी दिएका हुन् । शिक्षिका डिम्डुङ विगतदेखि नै यो विद्यालयमा सामाजिक विषयशिक्षिका रहेर शैक्षिकगुणस्तर अभिवृद्धिमा योगदान दिँदै आएकी थिइन् । उनको पदोन्नति विद्यालयको शैक्षिक र प्रशासनिक व्यवस्थापनमा थप योगदान पुग्ने अपेक्षा गरिएको छ ।

ज्योति माध्यमिक विद्यालय प्राविधिक शिक्षालयकारुपमा परिचित छ । विद्यालयले हेटौंडा क्षेत्रका विद्यार्थीलाई गुणस्तरीय प्राविधिक तथा साधारण शिक्षा प्रदान गर्दै आइरहेको छ ।

# हेटौंडा अस्पतालमा सेवाग्राही लामो लाइन बस्न बाध्य

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ गुणस्तरीय स्वास्थ्यसेवा सहजरुपमा पाउनु नागरिकको नैसर्गिक अधिकार भएपनि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडा अस्पतालमा सेवालिन आउने बिरामीले लामो समयसम्म कुर्नुपर्ने बाध्यता रहेको एक सर्वेक्षणले देखाएको छ ।




साक्षी पोलिङ एण्ड एनालाइटिक्स नेपालले गरेको अध्ययनअनुसार हेटौंडा अस्पतालमा उपचारसेवा पाउनका लागि ४५ मिनेटभन्दा बढी समय लाग्ने गरेको बिरामीले बताएका छन् । सर्वेक्षणमा सहभागी ५६ दशमलव ८० प्रतिशत बिरामीले ४५ मिनेटभन्दा बढी समय पर्खनु परेको बताएका थिए । कतिपयले उपचारका लागि घण्टौंसम्म कुर्नुपर्ने अवस्था रहेको गुनासो गरेका थिए । यसले हेटौंडा अस्पतालप्रति आमनागरिकको विश्वास घट्दै गएको देखिएको छ । अस्पतालमा सबैभन्दा बढी बिरामी ओपीडीमा जाने गरेका छन् ।

त्यस्तै, हेटौंडा अस्पतालबाट प्राप्त हुने नि:शुल्क औषधिको गुणस्तरमा पनि प्रश्न उठेको छ । ५१ प्रतिशत उत्तरदाताले औषधि गुणस्तरहीन भएको प्रतिक्रिया दिएका थिए । लामो समयदेखि बहसको विषय बनेको हेटौंडा अस्पताल मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गाभिएको विषयमा ४५ प्रतिशतले कुनै प्रतिक्रिया दिन चाहेनन् । बाँकीमध्ये २४ प्रतिशतले हेटौंडा अस्पताललाई प्रतिष्ठानमा समाहित गराउनुपर्ने राय दिए भने २९ दशमलव ३२ प्रतिशतले अस्पताल स्वतन्त्र हुनुपर्ने बताएका थिए ।

प्रतिष्ठानअन्तर्गत आएपछि हेटौंडा अस्पतालको सेवा गुणस्तरमा सुधार आएको ४७ दशमलव ६५ प्रतिशतले प्रतिक्रिया दिएका थिए । सर्वेक्षणमा सहभागीमध्ये ८० प्रतिशतले हेटौंडा अस्पतालको सेवामा सुधारको आवश्यकता औंल्याएका छन् । ७५ प्रतिशतले प्रशासन सुधारको आवश्यकता देखाएका छन् । हेटौंडाका ८२ प्रतिशतले हेटौंडा अस्पतालबाट सेवा लिने गरेका छन् भने १८ प्रतिशतले सेवाको गुणस्तर राम्रो नभएको र टाढा भएका कारणले अस्पताल नगएको बताएका छन् ।

सर्वेक्षण अनुसार, हेटौंडाका ६१ प्रतिशत नागरिक स्वास्थ्य बीमामा आबद्ध रहेका छन् । २०८२ जेठ २४ गतेदेखि असार ४ गतेसम्म हेटौंडा उपमहानगरपालिकाका १९ वटै वडाका १ हजार ९३ जनामा स्थलगतरुपमा गरिएको सर्वेक्षणको नतिजा बिहीबार सार्वजनिक गरिएको हो । प्रतिष्ठानअन्तर्गत रहेको हेटौंडा अस्पतालको सेवा, सुविधा र एकीकरणको विषयलाई लिएर बिहीबार प्यानल छलफल गरिएको छ । साक्षी पोलिङ एण्ड एनालिटिस्कले गरेको प्यानल छलफलमा हेटौडा अस्पतालका नवजातशिशु तथा वालरोग विशेषज्ञ डाक्टर हरिबहादुर खड्का, सामाजिक अभियन्ता बिशालराज महत र औषधि व्यवसायी संघ मकवानपुरका अध्यक्ष नारायणलाल श्रेष्ठ प्यानलिष्टका रुपमा थिए ।


पत्रकार सुरेस श्रष्ठले कार्यक्रमको सहजिकरण गरेका थिए । छलफलमा डा. खड्काले हेटौंडा अस्पतालको स्तरउन्नतिसँगै सेवा सुविधामा उल्लेख्य प्रगति भएको दाबी गरे । अस्पतालको सकारात्मक छविलाई उजागर गर्न आवश्यक रहेकोमा उनको भनाइ थियो । डाक्टर कुट्ने अस्पतालको पहिचान बोकेको हेटौंडा अस्पताल अहिले बिरामीलाई सर्वसुलभ रुपमा विशेषज्ञ उपचारसेवा दिनसक्ने भएको डा. खड्काले बताए । २०६८/६९ सालतिर डाक्टर सरुवा भएर आउनै नमान्ने अवस्थाको स्मरण गर्दै अहिले बिरामीले उपचारमा विश्वास गरको डा. खड्काले बताए ।

अस्पतालले २८ दिनसम्मका नवजातशिशुको उपचारमा निशुल्क सेवा, मुटुरोग उपचारसेवा, एमआर आई, डायलासिस सेवा लगायत सेवा प्रदान गरिरहेको उनले बताए । २०६८ सालसम्म दुईजना मात्र विशेषज्ञ चिकित्सक सेवा रहेकोमा हाल १० जना विशेषज्ञ चिकित्सक कार्यरत रहेको उनले जानकारी गराए । कोभिडको समयमा अन्य निजी स्वास्थ्य संस्थाले ढोका बन्द गर्दा हेटौंडा अस्पतालले निरन्तर सेवा दिएको तथ्यलाई बिर्सन नहुने डा. खड्काको भनाइ छ । अस्पतालमा एनआइसियु र पीआइसियुको सुविधा नहुँदा बिरामीहरु भरतपुर जान बाध्य रहेको बताउँदै हेटौंडा उपमहानगर पालिकासँगको सहयोगमा छिट्टै एनआइसियु सञ्चालनको तयारी भइरहेको उनले जानकारी दिए ।

सामाजिक अभियन्ता महतले बागमती प्रदेश सरकारले ऐन बनाएर प्रतिष्ठानमा गाभ्ने कार्यको दूरगामी असरबारे चिन्ता व्यक्त गरे । संविधानले दिएको नि:शुल्क उपचारसेवाको सुविधा सरकारी अस्पतालले मात्रै दिनसक्ने भन्दै प्रतिष्ठानले दिन नसक्ने महतको जिकिर थियो । ऐनका केही बुँदाहरु शंकास्पद रहेको उल्लेख गर्दै उनले सरकारी सम्पत्ति व्यक्तिसरह किनबेच गर्न पाउने व्यवस्थाले भविष्यमा समस्या निम्त्याउन सक्ने चेतावनी दिए ।

औषधि व्यवसायी संघ मकवानपुरका अध्यक्ष श्रेष्ठले राज्यले स्वास्थ्य बीमाका औषधि न्यूनदरमा टेण्डर गरेर बिक्री गर्दापनि सबै बिरामीले औषधि नपाउनु दु:खद भएको बताए । यसले बिरामीको उपचारमा कठिनाइ उत्पन्न भएको र स्वास्थ्य सेवामाथि नै प्रश्नचिन्ह खडा गरेको उनको भनाइ थियो ।






साझाकुरा

## हाम्रो कुरा

# कमजोर मानवअधिकार

सवारी दुर्घटना, बाढीपहिरो जस्ता प्रकोपबाट वर्षेनी नागरिकले ज्यान गुमाउनु परेको छ । द्वन्द्वकालीन घटनाको हालसम्म पनि सम्बोधन हुन सकेको छैन । लैङ्गिक तथा यौनिक अल्पसंख्यक, मनोसामाजिक अपाङ्गता भएका व्यक्ति गाउँसमाज र सरकारले हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तनको खाँचो छ । उनीहरुको एकिन तथ्यांक पनि छैन । आप्रवासीको अधिकारको कुरा गर्दा विदेश पठाइदिने निहुँमा ठगिएका, विदेश गएर तलव नपाएका, स्वस्थ्य ब्यक्ति बिमारी भएर रित्तो हात घर फर्किएका तमाम घटना बागमती प्रदेशमा कायम छन् । उपभोक्ताअधिकारको अवस्था कहालिलाग्दो छ । राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेशले आर्थिक वर्ष २०८१/८२ मा भएका कार्यप्रगतिको प्रतिवेदन बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटालाई बुझाएको छ । प्रदेशप्रमुख देवकोटाले आयोगको प्रतिवेदन ग्रहण गर्दै मानवअधिकारका हरेक सवालमा संवेदनशील हुनुपर्ने बताए । आयोगलाई अप्ठ्यारा भएका सवालमा सरकारलाई सुझाव पेशगर्नको लागि प्रमुख देवकोटाले आग्रह गरे । आयोग बागमती प्रदेश कार्यालयले विगत आ.व.२०७५/७६ देखि हालसम्म निरन्तर आफ्नो प्रतिवेदन प्रदेशप्रमुखसमक्ष पेश गर्दै आएको र हरेक प्रतिवेदनमा समस्या औंल्याएर पठाउने गरिए पनि उपलब्धि खासै नहुने गरेको आयोगले जनाएको छ ।

मानवअधिकार हरेक नागरिकको जन्मसिद्ध अधिकार हो । ती अधिकारको सम्मान, संरक्षण तथा सम्बर्द्धन गर्नु राज्यको दायित्व हो । मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनलाई प्रभावकारी बनाउन नेपालको संविधान २०७२ भाग २५ को धारा २४८ ले राष्ट्रिय मानवअधिकार आयोगको व्यवस्था गरेको छ । जसले मानवअधिकार हनन भएको सवालमा उजुरी लिने, अनुसन्धान गर्ने, कारवाहीको लागि उपल्लो निकायमा सिफारिस गर्ने जस्ता काम गर्दै आएको छ । बागमती प्रदेशमा मानवअधिकार हननको सवाल कमजोर बन्दै आएको तथ्यांकले देखाएको छ । अपाङ्गताको सवाल, बालअधिकार, महिलाअधिकार, छुवाछुतका सवाल, उपभोक्ताअधिकारको सवाल विगतमा भन्दा पेचिलो बन्दै आएको आयोग बागमती प्रदेश कार्यालयले जनाएको छ । आयोगको बागमती प्रदेश कार्यालयमा आ.व. २०८१/८२ मा मानवअधिकार हनन भएकोमा २२ वटा उजुरी दर्ता भएको आयोगले जनाएको छ । आयेगमा हाल ५२७ वटा पुराना उजुरी छन् । गत आवमा आयोगले ७५ वटा उजुरीमा अनुसन्धान गरेको थियो । अनुसन्धान सम्पन्न गरी अन्तिम निर्णयको लागि ३६ थान उजुरी फाइल केन्द्रीय कार्यालयमा पठाइएको थियो । आयोगको रणनीतिक योजना २०२१-२६ ले सरोकार वालासँग समन्वय र सहकार्यलाई महत्वपूर्ण स्थान दिएअनुरुप बागमती प्रदेश कार्यालयले पनि समयसमयमा यसक्षेत्रका संघसंस्था, मानवअधिकारकर्मी, पत्रकार, नागरिक समाज, पेशागत संघसंगठन, संघसंस्था तथा तीनै तहका सरकारसँग मानवअधिकारको अवस्थाको बारेमा छलफल अन्तर्क्रिया गरी मानवअधिकारको संरक्षण तथा संस्कृत्तिको विकासको लागि कार्य गर्दै आएको छ । स्थानीय सरकारले मानवअधिकारमुखी विकास पद्दतिलाई केन्द्रविन्दुमा राख्नुपर्ने कुरामा जोड दिदै आयोगले सिन्धुलीको ६ वटा स्थानीय तहमा मानवअधिकारसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ ।

नागरिकले स्वच्छ तथा गुणस्तरीय वस्तुको उपभोग गर्न नपाएको अवस्था छ । बागमती प्रदेशको सार्वजनिकस्थल, यातायातका साधन अपाङ्गमैत्री नहुँदा अपाङ्गता भएका व्यक्तिको अधिकार प्रत्याभूत भएको छैन । घरपरिवार तथा विद्यालयमा बालबालिकामाथि हिंसाका घटना भइरहेका छन्, बालश्रममुक्त वडा, बालश्रममुक्त थानीय तह घोषणाले निरन्तरता पाएपनि बालश्रम, बालविवाह गाउँसमाजमा कायमै छ । बालबालिका यौनजन्यहिंसाका शिकार भइरहेका छन् । जातीय छुवाछुत तथा विभेदका घटना ग्रामीणभेगमामात्र नभइ सहरी क्षेत्रमा पनि भइरहेका छन् । यसवर्ष आयोगले मानवअधिकारको अवस्थाको सम्बन्धमा सिन्धुपाल्चोक, रसुवा, रामेछाप र नेपाल सरकारको मानवअधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाको अवस्थाको बारेमा रामेछाप, दोलखा, सिन्धुपाल्चोक, चितवन, मकवानपुरमा तथा विश्वव्यापी आवधिक पुनरावलोकनबाट प्राप्त सिफारिस कार्यान्वयनको अवस्थाका सम्बन्धमा मकवानपुर, सिन्धुपाल्चोक र चितवनमा अनुगमनकार्य सम्पन्न गरेको थियो । आयोगले दोलखा, रामेछाप, चितवन, धादिङ, रसुवा तथा मकवानपुरमा प्रहरीहिरासतकक्ष र रसुवा कारागार कार्यालयको अनुगमन गरेको थियो ।

# ओलीको लोकप्रियता रोक्न विद्याको प्रयोग



✍ राजेन्द्र अर्याल

ईश्वरलाई मूर्तिमा जागृत गराउन प्राणप्रतिष्ठा गरिए झैं पछिल्लो समय नेकपा (एमाले)को सत्तामा पुऱ्याउन पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको प्राणप्रतिष्ठा गर्न आन्तरिकदेखि बाह्य केन्द्रहरू शक्ति लगाइरहेका छन् । मिसन-८४ को अभियानमा अघि बढिरहेको एमालेमा एकाएक वर्षाको बाढी झैं भण्डारीको भेल चलेको छ । सत्ताको नेतृत्व गरेको एमालेमा आएको उथलपुथललाई कतिपयले आफ्नो सत्तारोहणमा उपयोग गर्न सक्ने ठानेर अझ बल लगाइरहेका छन् । नयाँ परिकल्पना र वैचारिकी सहित भण्डारीलाई एमालेको रथारोहण गराउन आन्तरिक पार्टी, अन्तर पार्टी र नेपथ्यबाट समेत प्रशस्त प्रयास चलिरहेका छन् । कतिसम्म भने कमरेड प्रचण्ड र माधवकुमार नेपालहरू पनि यही मौकामा वाम एकताको धुन बजाउँदै एमालेभित्र हलचल ल्याउन लागिपरेका छन् । नेपाली कांग्रेसका नेता शेखर कोइराला र कांग्रेस छाडेका अमरेशकुमार सिंहसम्मले पहिले प्रचण्डलाई र त्यसपछि भण्डारीलाई भेट्न दौडेको समेत देखियो । यी सबै प्रपञ्च नेपालको राजनीतिको मियो बन्नुभएका एमाले अध्यक्ष केपी शर्मा ओलीलाई कमजोर सावित गर्ने षड्यन्त्र अनुसार नै भइरहेको छ भन्दा अतिशयोक्ति हुँदैन ।

पछिल्लो समय सत्तारोहणको प्रथम वार्षिकीकै अवसरमा एमाले अध्यक्ष ओली नेतृत्वको सरकारले थालेको कामका परिणामले आर्थिक सूचकांक सकारात्मक हुँदै गएका छन् । विकास निर्माणका काम तीव्र हुँदै गएको छ भने 'समृद्ध नेपाल: सुखी नेपाली'को दीर्घकालीन लक्ष्य हासिल हुँदै गएको छ । प्रधानमन्त्री ओलीले देखेका सपना एकपछि अर्को सम्पन्न हुँदै जाँदा तथा ओली लोकप्रियताको ग्राफ उकालो लाग्दै गरेको बेला फेरि एमालेभित्र नयाँ बखेडा झिकाउने दुष्प्रयास भएको छ । र, यसमा पूर्वराष्ट्रपति भण्डारी प्रयोग भइरहेकी छन् ।

**ओलीको विकल्परहित नेतृत्व**

राजनीतिक विचार सूर्य झैं एकाबिहानै उदाउँदैन, नेतृत्व रातारात जन्मिँदैन । तर समाज विकासका नियमित चरणहरूमा त्यसको उच्चतम अभिव्यक्तिका रूपमा केही प्रतिभाशाली मानिस जन्मिन्छन् । कुनै पनि मानिस जन्मजात विचारक वा नेता बनेका हुँदैन । तर सर्वसाधारण जनताको बीचबाट जन्मिएको भए पनि केही मानिस आफ्नो विशिष्ट गुण, क्षमता र भूमिकाको उजागर गरेर अग्रपङ्क्तिमा उभिन्छन् । नयाँ नेतृत्वको रूपमा उदाउँछन् । कुनै पनि राज्य व्यवस्था वा राजनीतिक पार्टी जन्मजातै पूर्ण लोकतन्त्रवादी या समाजवादी बनिसकेको हुँदैन ।

संघर्ष, अन्तरसंघर्षबाट जन्मिएर आन्दोलन, विद्रोह र क्रान्तिको बलिवेदीबाटै पैदा भएर वा ऐतिहासिक घटनाक्रम सँगसँगै विकास भएर मात्र त्यसको औचित्य, आवश्यकता र सम्भावनाको सिर्जना हुन्छ । समग्र विश्वलाई हेर्ने, जीवन र जगत सम्बन्धी नियमहरूको अध्ययन गर्ने, बुझ्ने, व्याख्या गर्ने, त्यसलाई लागू गर्ने विचार र नेतृत्व, राज्य व्यवस्था र राजनीतिक पार्टी फ्याट्ट उब्जिने शक्ति वा रातारात देशभित्र र संसारभर फैलिने जादु होइन । त्यसको आफ्नै समय सीमा, नीति, विधि र विकास प्रक्रिया हुन्छ । त्यसैको लामो बहस, विमर्शका शृंखला पार गरेर पैदा भएको एमालेको नेपाली माटो सुहाउँदो सिद्धान्त जनताको बहुदलीय जनवाद (जबज) हो भने समकालीन नेतृत्वहरूमध्ये जबजको मार्गबाट समुन्नत नेपाल निर्माणको नेतृत्वकर्ता एमाले अध्यक्ष ओलीको विकल्प किमार्थ हुन सक्दैन र छैन पनि ।

नेपालको २००७ सालयता अग्रगामी दिशाको परिवर्तन २०४६ सालदेखि गतिवान र सघन बन्दै गएको छ । खासगरी २०५२ सालदेखि २०६२/६३ सालको राजनीतिक उथलपुथलपछि परिवर्तनले गुणात्मक फड्को मारेको छ । वस्तुगत धरातलमा उभिएर कुनै पनि वस्तु वा घटनाको ठोस विश्लेषण गर्ने, आन्तरिक र बाह्य, प्रमुख र सहायक कुरा छुट्याउने, त्यसभित्र लुकेको गुदी कुरा पहिल्याएर ठोस निष्कर्ष निकाल्ने कार्य अत्यन्त संवेदनशील र जटिल हुन्छ । त्यो कार्य पूरा गर्न कुनै पनि चिन्तक वा नेता सफल हुन्छ या असफल बन्छ । यो अन्य कुराले भन्दा पनि मूलत: दृष्टिकोणले नै निर्धारण गर्छ । दृष्टिकोण भनेको दुई आँखाले नदेख्ने तेस्रो दृष्टि हो । जसले दिमागभित्र इतिहास, वर्तमान र भविष्यको सजीव मार्गचित्र कोरिदिन्छ । बदलिंदो समय परिस्थिति अनुसार नयाँ बाटो देखाइदिन्छ ।

यतिबेला यो देशमा पूर्ण लोकतान्त्रिक राज्य प्रणाली, राजनीतिक स्थायित्व, सुशासन, सामाजिक न्याय, चुस्तदुरुस्त कार्य प्रणाली, उत्पादन अभिवृद्धि, दक्ष जनशक्ति, तीव्र विकास, स्थायी शान्ति र समृद्धि सुनिश्चित गर्दै समाजवादमा अघि बढ्नका लागि सबभन्दा उन्नत विचार र दूरदृष्टि भएको सबल नेतृत्वको खाँचो खड्किएको छ । नेपाल नै एक्काइसौं शताब्दीको पहिलो समाजवादी मुलुक बन्ने सुनौलो सम्भावना छ । तर समाजवादको बाटो सिधा, छोटो र सजिलो छैन । जतिसुकै प्रतिकूलता झेल्नु परे पनि समाजवादी यात्रा रोकिँदैन ।

समाजवाद भनेको परिवर्तनको प्रवाह हो । यो सुदूर टाढा छैन । अबको पहिलो राजनीतिक खुड्किलो हो, समाजवाद । यसैकारण युगले त्यसको नेतृत्व गर्ने नयाँ युगद्रष्टा खोजेको छ । जनताको दैनिक जीवनमा काँचुली नफेरी समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन लक्ष्य पूरा गर्नकै लागि पनि एमालेले अंगीकार गरेको जनताको बहुदलीय जनवादको सिद्धान्तमा ओली नेतृत्व अझै केही समयका लागि अपरिहार्य नै छ ।

**अबको कार्यदिशा**

एमालेको भावी संरचना आसन्न विधान महाधिवेशनको एजेण्डा हो । यो प्राविधिक विषय हो, सैद्धान्तिक होइन । नेतृत्व कस्तो हुने ? भन्ने विषय पार्टीको गतिशीलता र आम पार्टी पंक्तिको प्रतिनिधिहरू सम्मिलित महाधिवेशनले निर्माण गर्ने कुरा हो । आगामी भदौमा हुने विधान महाधिवेशनमा उमेर हद लगायत विषयमा बहस हुने भएकाले त्यो मितिसम्म पर्खनु उपयुक्त हुन्छ । अहिले पक्ष वा विपक्षमा छलफल हुनुपर्ने बेला होइन । फेरि पनि आन्दोलनको आवश्यकता र नेतृत्वको गतिशीलताले भावी नेतृत्व निर्माण गर्ने मुख्य प्रश्न हो । अरू विषय प्राविधिक हुन् भन्ने लाग्छ ।

अध्यक्ष केपी ओलीले सार्वजनिक रूपमै ७४ मा लाग्दैछु तर पनि पार्टीको नेतृत्व उमेर भन्दा विचार, राजनीति र आन्दोलनले गर्ने अर्थमा भन्नुभएको हो । ७० वर्षे उमेर हदको व्यवस्था सैद्धान्तिक प्रश्न होइन । यतिबेला पार्टीमा बहस गर्न जरूरी हुँदैन । आन्दोलनको आवश्यकता के हो ? भन्ने कुराले अरू विषय तर्जुमा गर्ने हो । ७० वर्ष माथिकाले नेतृत्व गर्न सक्दैन, त्योभन्दा तलका उमेरले नेतृत्व गर्न सक्छन् भन्नु गलत हुन्छ । किनकि नेतृत्व विचार, राजनीति र आन्दोलनको आधारमा गरिने कुरा हो न कि उमेरका आधारमा नेतृत्व हुने हो । यद्यपि नेतृत्व निर्माणमा पुस्तान्तरण जरूरी हुन्छ तर पुस्तान्तरणका लागि पनि समयसापेक्षता अपरिहार्य कुरा हो ।

विचारले उसको व्यक्तित्व अनि समाज र राज्यको चरित्र निर्धारण गर्छ । बनाउँछ र चलाउँछ पनि । विचारले, उथलपुथल ल्याउँछ । अहिले एमालेमा न त नीतिको विषयमा विवाद छ न नेतृत्वको । अहिले केपी ओलीमुक्त एमाले भन्नु र एमालेमुक्त नेपालको राजनीति भन्नु एउटै हो । जुन असम्भवप्राय: छ । यही मेसोमा प्रधानमन्त्री ओलीलाई नियोजित रूपमा सराप्ने, देश बिगारेको दोषको ऐनामा केवल प्रधानमन्त्री ओलीको अनुहार टाँस्ने र करार गर्दै समाप्त गरिदिने भाष्य जबर्जस्त निर्माण गरिदैछ । जुन एमालेजनका लागि मात्रै होइन, समृद्ध नेपालको पर्खाइमा रहेका आम नेपालीकै लागि दुर्भाग्यपूर्ण कुरा हो । जसको पछि हाम्रो एउटा बौद्धिक जमात लागेको छ ।

आँखामा निराशावादको पट्टी लगाएर अन्धकार दृश्यमा एमाले नेतृत्वको तस्वीर देख्दै सराप्ने तथाकथित त्यो तप्काले बजाएको बेमौसमी बाजामा महामहिम पूर्वराष्ट्रपतिले हल्लाएको हात संयोग मात्र हो । त्यसलाई एमालेजनले नृत्यकै रूपमा बुझ्नु र महामहिमले पनि नृत्य नै हो भन्न खोज्नु नेपाली वाम आन्दोलनको विरासत बोकेको नेकपा (एमाले)का लागि कुनै ढंगले उचित होइन र मान्न सकिँदैन । यो त नेपाललाई अस्थिर बनाइराख्ने, अनावश्यक चलखेल गर्ने घरेलु र बाह्य शक्तिहरूको कुत्सित प्रपञ्च सिवाय केही होइन । लामो घेराबन्दी र संघर्षपूर्ण गुफाबाट राष्ट्रियताको पहरेदार र जनताको भरोसायोग्य बनेर प्रकट भएको एमाले नेतृत्व अर्थात् अध्यक्ष केपी ओलीलाई विभिन्न कोणबाट खुइल्याउने, केपी ओली कमजोर नबनाएसम्म एमाले कमजोर बनाउन सकिँदैन भन्ने बुझाइलाई गरिएको मलजल हो ।

एमाले पार्टी र नेतृत्वमाथि चौतर्फी रूपमा हुँदै आएको प्रहारकै अर्को स्वरूपका रूपमा पछिल्लो ग्रान्ड डिजाइन हो भनेर बुझ्न गाह्रो छैन । विगत केही समययता खलबलिएको अर्थतन्त्र, असन्तुलित र कमजोर अवस्थामा पुऱ्याइएको छिमेकी सम्बन्धलाई सरकारले सन्तुलनमा ल्याउन र राष्ट्रिय हितको रक्षा एवम् स्वाभिमान अभिवृद्धिका लागि सरकारले गरेका महत्वपूर्ण कामबाट अत्तालिएको परिदृश्य हो ।

प्रचण्ड र माधव नेपालहरूले पार्टी कब्जा गर्न विभिन्न षडयन्त्र गरेको घटना एमालेजनमा अहिले पनि उत्तिकै ताजा छ । आज पनि सूर्य चिह्न र एमाले कब्जा गर्न नपाएको छट्पटी देखिन्छ । त्यस्तो अवस्थामा अध्यक्ष ओलीले एमालेलाई रेस्क्यु गरेको घाम जस्तै छर्लङ्ग छ । पार्टीमा अझै केही समय उहाँकै बलियो नेतृत्वमा अघि जाने आवश्यकता र परिस्थिति देखिन्छ । यो समयको माग पनि हो । एमालेमाथि चौतर्फी आक्रमण र घेराबन्दी अझै पनि जारी छ । एमालेलाई फेरि एक पटक बलियो लिडरसिप चाहिएको छ । भर्खरै सम्पन्न पार्टीको सचिवालय र पोलिटब्युरो बैठकले पनि यसअघि नै हटिसकेको दुई कार्यकाल जरूरी छैन र ७० वर्षे उमेर हद पनि आवश्यक छैन भनेर एकमानेमा निर्णय गरिसकेको छ । आशा छ, जारी केन्द्रीय कमिटीले पनि पार्टीको आन्तरिक जीवन र समृद्ध भविष्यका निम्ति समेत त्यो स्पिरिट अवश्य बोक्ने नै छ ।

पार्टीमाथि सर्वत्र आक्रमण भइरहेको बेला नेतृत्वको रक्षाकवचमा आम पार्टी पङ्क्ति लाग्नुपर्नेमा नेतृत्वलाई खुइल्याएर कोही बहादुर बन्न सक्दैन । विपक्षीले जबर्जस्त ल्याएको नेतृत्वको विकल्पको दिवा सपनाले बलियो एमाले बन्दैन, बरु पलपलमा कमजोर हुँदै जाने हो । अर्को पक्ष कमजोर बनाएर आफू बलियो हुने भनेको आम निर्वाचन मात्रै हो । पार्टीको आन्तरिक जीवनमा त्यो लागू हुँदैन । सामूहिक नेतृत्व प्रणाली अंगीकार गरेको एमालेमा आपसी बेमेल र वैमनस्यले कोही पनि सफल हुन सक्दैन । सफल हुनका लागि आपसी सल्लाह, सहमति र सहकार्य अपरिहार्य तत्व हो, जुन एमालेमा निरन्तर भइरहेको छ । तसर्थ, अनेक बहानामा सार्वजनिक खपतका लागि टीकाटिप्पणी गर्ने, सामाजिक सञ्जाल रंगाउने, नेतृत्वलाई कमजोर गर्ने कुरालाई बन्द गर्दै एकताबद्ध एमाले, दृढसंकल्पी सबैको एमाले नेतृत्वमा एकताबद्ध आवाज बुलन्द गर्न जारी केन्द्रीय कमिटीको बैठक सफल भएको छ ।

*(साभार: अनलाइनखबर)*

# प्रतिभा पलायन र शैक्षिक स्तरको सवाल

✍ रमेशप्रसाद गौतम

हाम्रो शिक्षा व्यवस्था चुनौतीहरुको संक्रमण परिस्थितिमा गुज्रिरहेको छ । हाम्रा प्राथमिक तहका झन्डै ९५ प्रतिशत बालबालिका विद्यालय भर्ना हुने गरेका छन् । यो सकारात्मक पक्ष भए तापनि तिनले हासिल गरिरहेको शिक्षा गुणस्तर बन्न नसकेको गुनासो व्याप्त छ । तिनलाई शिक्षा दिने देशभरका करिब ३० प्रतिशत शिक्षकले न्यूनतम तालिम पनि नपाएको गुनासो छ । ग्रामीण क्षेत्रका कतिपय विद्यालयमा आधारभूत पूर्वाधारको अभाव देखिन्छ । सरकारी व्यवस्थापनमा देखिएका कमी-कमजोरीका कारण गुणस्तर उठ्न सकेको छैन । हाम्रा छिमेकी मुलुक भारत र चीनमै पनि हाम्रो भन्दा अब्बल शिक्षा दिने गरेको हाँक सुन्नमा आई नै रहेको छ । यता हाम्रो शिक्षा दिनानुदिन खस्कँदै गएको छ । अझै कसैको घैंटामा घाम लागेको छैन ।

अमेरिकामा दिइने शिक्षा र हामीकहाँ पाइरहेको शिक्षामा ठूलो अन्तराल छ । यससम्बन्धमा हामीले राम्रो अनुशरण गरेर विश्लेषण र अनुसन्धानबाट आफ्नो देश, काल, परिस्थिति अनकूलको शिक्षा व्यवस्था अपनाउन नसक्दा नै विश्वस्तरीय शिक्षाको पहुँचबाट विमुख हुन पुगेका छौं । अत: शिक्षकहरुको व्यावसायिक विकास गरी स्तरोन्नतिमा सरकारको ध्यान जानु जरुरी छ । दीर्घकालीन शिक्षा सुधारका लागि गुणस्तरीय समावेशी, वस्तुपरक शिक्षा कार्यक्रम ल्याउनु जरुरी छ ।

हरेक अभिभावकलाई आफ्ना सन्तानलाई राम्रो शिक्षा दिने चाहना हुन्छ । त्यसका लागि आफ्नो क्षमताले भ्याएसम्म ठूलो लगानी लगाएरै भने पनि विश्वस्तरको शिक्षा दिन उत्सुक देखिँदै आएका छन् । यसमा कतिपय अभिभावकले यहाँको शिक्षाको गुणस्तर नपुगेको भन्दै विदेश पठाउने गरेका थुप्रै उदाहरण पाउन सकिन्छ । यसरी गएका सबै विद्यार्थी त्यहीँ बस्ने चाहनाले रोजगारीको तीव्र खोजीमा मात्र गएका होइनन् । प्रायजसो विद्यार्थी त्यहाँ गएर राम्रो शिक्षा पाउने र पाएको शिक्षाले विश्वबजारमा आफू सहजै बिक्न सक्ने बनौं भन्ने ध्येयले नै गएका छन् । तथापि हामीले नेपालभित्र गुणस्तरीय शिक्षा दिन सकियो भने वर्तमान शैक्षिक पलायन क्रमश: घटदै जाने हुन्छ । नेपालमा विद्यमान सार्वजनिक र निजी स्तरका शिक्षण संस्थाहरु छन् । यिनका बीचमा थरी-थरीका तर्क-वितर्क उठाई नै रहेको पाइन्छ । निजी विद्यालयले सार्वजनिक विद्यालयको तुलनामा स्तरीय शिक्षा दिने कुरामा उल्लेख्य भूमिका रहेको छ भनी दाबी गरेका घटनाहरु छन् । निजी विद्यालयको तीव्र गतिले विस्तार हुँदै गएको पाइन्छ । झन्डै देशभरका ३० प्रतिशत विद्यार्थी निजी विद्यालयमा अध्ययनरत छन् । सार्वजनिक विद्यालयले ठूलो संख्याका केटाकेटीलाई अध्यापन गराए तापनि निजी क्षेत्रका शिक्षण संस्थाहरुले गुणस्तरीय शिक्षाका वैकल्पिक सिकाइका उपायहरु ल्याइँदै गरेको दाबी गरिएको छ । यसरी निजी र सार्वजनिक विद्यालयहरुलाई प्रतिस्पर्धात्मक पक्षमा नहेरी यी दुवैबीच सहकार्य हुनु जरुरी छ । दुवै थरीका विद्यालयले विद्यार्थी केन्द्रित शिक्षण परि योजनामा आधारित शिक्षा र प्रविधिको जोड दिनु नै उपयुक्त ठहर्दछ । अहिले हाम्रो समाजमा हुनेखानेका छोराछोरी निजी विद्यालयमा र हुँदा खाने वर्गका केटाकेटी सार्वजनिक विद्यालयमा भन्ने आमधारणा बन्दै आएको छ । विद्यालय तहमै धनी र गरिब बीचको खाडल बन्दै जानु राम्रो होइन । यसरी निजी क्षेत्र मात्र वृद्धि हुँदै गएमा सामुदायिक विद्यालयमा उत्पादित जनशक्ति उपेक्षित हुँदै जाने र निजी क्षेत्रमा उत्पादित जनशक्तिले बजार कब्जा गर्दै जाने हुन्छ । सरकारले यसबारे समयमै सोचेर उपयुक्त कदम चाली सामुदायिक विद्यालयलाई अघि बढाउनेतर्फ लाग्नुपर्दछ ।

विगतको तुलनामा जनसंख्यात्मक संरचनामा पनि ठूलो परिवर्तन हुँदै आएको छ । यसलाई पनि आत्मसात् गर्दै विद्यालय नक्साङ्कनका आधारमा विद्यालय स्वीकृति दिने परिपाटी कायम गर्नुका साथै घरपायक विद्यालयमा अध्ययन गराउन भर्ना गराउने व्यवस्था अनिवार्य सर्तमा कायम हुनु जरुरी पर्दछ । त्यहाँ सञ्चालित सबै खाले विद्यालयले स्तरीय, समान र समावेशी ढंगले शिक्षा प्रदान गर्ने कार्यलाई नै प्राथमिकता दिइनुपर्दछ ।

नेपालमा शिक्षाको विकास २००७ को क्रान्तिपछि तीव्र गतिमा बढ्दै आयो । जनस्तरमा थुप्रै सार्वजनिक विद्यालयहरु खुले । शिक्षाको विस्तारित रुप आफ्नो गरिमा बढ्दै नै आयो । यो क्रम २००६ सालको परिवर्तनपछि झनै बढ्न थाल्यो । विद्यालय खुल्ने मात्र होइन, निजी स्रोतमा खोल्ने बाढी नै पस्यो । निजी विद्यालय खोल्ने सरकारी उदार नीतिले यसलाई अरु प्रोत्साहन दिँदै आयो । तर सरकारी लापरबाहीका कारण निजी विद्यालयहरुले चर्को मासिक शुल्क असुल्न थाले, जसको ठूलो मार अभिभावकमा पर्दै आयो । अब मध्यम आय भएकाले निजी विद्यालयमा आफ्ना केटाकेटीलाई पढाउन कठिन देखिन थाल्यो । सीमान्तकृत र गरिब वर्गका बालबच्चा निजी विद्यालयमा अध्ययन गर्न नसक्ने हुँदा गरिब र धनी केटाकेटीबीचको वर्ग विभाजन विद्यालय तहबाटै छुट्टिनु दु:खद कुरा हो । समानतामा आधारित शैक्षिक व्यवस्था नै आजको मानववाद र लोकतन्त्रको आवाज हो ।

शिक्षण सिकाइको गुणस्तर अभिवृद्धि, विद्यालय सुशासन प्रवर्द्धन र प्रभावकारी शैक्षिक सेवा प्रवाहमा विद्यालय व्यवस्थापन अभिभावक, शिक्षक, स्थानीय जनप्रतिनिधी आदिको महत्वपूर्ण भूमिका हुन्छ । आज प्राविधिक तथा व्यावसायिक शिक्षा, तालिमको प्रभावकारिता, अनुगमन र कार्यमूलक अनुसन्धान, तालिमको व्यवस्था, पाठ्यक्रम, शैक्षिक सामग्री निर्माण आदिका लागि सरकारबाटै पहल हुनु जरुरी छ ।

शिक्षाको गुणस्तर खस्कँदै गएको बारे विगतदेखि नै बहसको विषय बन्दै आएको छ । निजी विद्यालयभन्दा सामुदायिक विद्यालय अझ गिर्दो अवस्थामा तुलना हुने गरेको छ । शिक्षण पद्धति र पाठ्यक्रममा सृजनात्मक सोच, आलोचनात्मक विश्लेषण र व्यावहारिक सीपको विकासविना शिक्षा उँभो लाग्न सक्दैन । प्राय: सार्वजनिक विद्यालयमा तलब, सेवा र सुविधा निजीभन्दा सुरक्षित र सुनिश्चित हुँदाहुँदै पनि निजीभन्दा कमजोर हुनु ठीक भएन । गुणस्तरीय शिक्षाका लागि अब्बल शिक्षक कुशल व्यवस्थापन जरुरी छ । शिक्षाको समुन्नतिका लागि सरकार मात्र होइन, शिक्षकको भूमिका नै अझ गहन मान्न सकिन्छ । हुन त अहिले भन्ने गरिन्छ-शिक्षाको गुणस्तर वृद्धिमा सरकारको नै हात बढी हुन्छ । सार्वजनिक शिक्षामा लगानी अपुग भएकाले पनि स्तर बढ्न नसकेको भनाइ आई नै रहेको छ । तर सरकारीतर्फको जिकिर भने सार्वजनिक विद्यालयमा सरकारी लगानीअनुसार प्रतिफल आउन सकेको छैन । सरकारी विद्यालयप्रति स्वयं पढाउने शिक्षक विश्वस्त हुन नसकेकोले नै आफ्ना केटाकेटीलाई निजी स्रोतका विद्यालयमा पढ्न पठाउने गरेका गुनासो छ । यसले गर्दा विद्यार्थी घट्ने क्रम बढ्दो छ ।

सरकारी तथ्याङ्कमै सामुदायिक विद्यालयमा विद्यार्थी संख्या निरन्तर घटिरहेको छ । ८० प्रतिशत विद्यालयमा शिक्षक अनुपातमा विद्यार्थी कमी देखाइरहेका छन् । यसले गर्दा झन्डै आधा विद्यालय विद्यार्थी संख्या नभएर बन्द गर्दा पनि हुने अवस्थामा पुगेका छन् । यसरी विद्यार्थी संख्या घट्नुमा प्राकृतिक र मानवीय कारण होलान्, तथापि मूल कारण उद्देश्यमूलक सिकाइ वातावरण नहुनु नै मान्न सकिन्छ । अर्कोतर्फ घट्दो बजार तथा न्यून प्रजनन दरलाई नकार्न सकिँदैन । जनगणनाको तथ्याङ्कअनुसार करिब ११ लाख नेपाली विदेशतर्फ लागेका छन् । यिनमा झन्डै ८० प्रतिशतभन्दा बढी पुरुष छन् । यसमा अधिकांश रोजगारीका लागि नै देशबाहिर गएका हुन् । बाहिर जानेमा धेरैजसोको उमेर २० देखि ३० वर्षको अनुमान गर्न सकिन्छ, जुन सबैभन्दा क्रियाशील र उर्वर उमेर मान्न सकिन्छ । यिनको देशभित्र श्रम-सीप, क्षमता तथा ज्ञान विकास र उपयोग गर्ने उमेर हो । यसरी एकातर्फ सार्वजनिक विद्यालयबाट विद्यार्थी रितिँदै जानु, अर्कातर्फ उर्वर जनशक्ति देशबाहिर रहनु, यी दुवै देश निर्माणका बाधक हुन् । बर्सेनि हजारौंको संख्यामा पढ्न र कामको खोजीमा विदेश जाने गरेका छन् । पढ्न जानेले पढाइ पूरा गरेपछि त्यहीँ अड्ने, कामको खोजीमा जाने पनि मौका पाए त्यसै ठाउँमा लुकिछिपी बस्ने गरेका प्रशस्त छन् । राष्ट्रले हरेक नागरिकलाई निष्पक्ष तरिकाले न्यूनतम आवश्यकता उपलब्ध गराएको भए यसरी विदेशिने थिएनन् ।

यसरी विदेशतर्फ भौंतारिने मुलकमा अमेरिका, क्यानाडा, अष्ट्रेलिया, बेलायत, जर्मनी, जापान, इजरायल, डेनमार्क, लग्जमवर्ग आदि छन् । आफ्नै थातथलोमा रोजगारमूलक शिक्षा र क्षमताअनुसारको काम पाएका भए आफ्नो देश छाड्ने थिएनन् । आफू जन्मेको भूमि छाडेर पराई मुलकमा रमाउन मानिस सक्दैन । तर बाध्यताले गर्दा हाम्रा केटाकेटी पढ्नदेखि अर्धदक्ष सीप भएका जनशक्तिसमेत विदेशिएका छन् । राज्यले यससम्बन्धमा गम्भीर भएर सोच्न नसक्नुले नै यो परिस्थिति उत्पन्न भएको हो । अहिलेको अवस्था अवलोकन गर्दा कतिपय अविकसित देशका तल्लो तहदेखि माथिल्लो तहसम्मका प्रतिभा विदेश पलायन हुने प्रवृत्ति बढ्दो छ । शायद नेताहरुले प्रतिभा पलायनले सोझासाधा, बूढाखाडा मात्र मुलुकमा रहने हुँदा आफूलाई निर्वाचन जित्न र शासन चलाउन सहज महसुस गरेका होलान् ।

*(साभार: न्यूज अफ नेपाल)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८२ साउन १० गते शनिबार २६ जुलाई २०२५ । द्वितीया, साउन शुक्लपक्ष । गुँल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:२४, सूर्यास्त ६:५५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | **तुला** | : रोकिएका काम सम्पादन हुनेछन् |
| **वृष** | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | **वृश्चिक** | : पठन-पाठनमा प्रगति हुनेछ |
| **मिथुन** | : शुभ समाचार मिल्नेछ | **धनु** | : सभा-समारोहमा अवसर मिल्नेछ |
| **कर्कट** | : व्यापार लाभप्रद रहनेछ | **मकर** | : आत्मविश्वासमा कमी आउनेछ |
| **सिंह** | : सन्तानको चिन्ता बढ्नेछ | **कुम्भ** | : व्यापारमा हानि हुन सक्नेछ |
| **कन्या** | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | **मीन** | : समाजमा सराहना हुनेछ |

# फास्ट ट्र्याकमा भूमि विधेयक पास गर्ने प्रयासमा 'ब्रेक'



काठमाडौं/ भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक संसदीय समितिमा पुगेको छ । योसँगै प्रतिनिधिसभामै दफावार छलफल गरेर फास्ट ट्र्याकमा भूमि विधेयक पास गर्ने प्रयासमा ब्रेक लागेको छ । बिहीबार बसेको प्रतिनिधि सभाको बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले यो विधेयकलाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । जसलाइ सभाले सर्वसम्मत रुपमा स्वीकृत गरेको हो । यो सँगै भूमि विधेयक संसदीय समितिमा पुगेको छ ।

यो विधेयक २३ वैशाख २०८२ मा प्रतिनिधिसभामा दर्ता भएको हो । नेकपा एमालेले यो विधेयकलाई फास्ट ट्र्याकमा अगाडि बढाउन खोजेको थियो । यसअनुसार २५ असार २०८२ मा प्रतिनिधि सभाबाट पारित गर्ने तयारी थियो । तर सत्ता साझेदार दल कांग्रेसले विरोध गरेपछि अन्तिममा रोकिएको थियो । त्यसपछि कांग्रेस र एमालेका बीचमा छलफल भएर विधेयक अगाडि बढेको हो । सहमति अनुसार बिहीबार प्रतिनिधि सभाले भूमि विधेयकलाई संसदीय समितिमा पठाउने निर्णय लिएको हो ।

विधेयक संसदीय समितिमा पुग्नु अगाडि सभामा बोल्दै जनता समाजवादी पार्टी (नेपाल)का अध्यक्ष उपेन्द्र यादवले भूमि विधेयकमा रहेका प्रावधानबारे पुर्नविचार गर्न सरकारलाई सुझाव दिएका छन् । 'एकातिर सरकारले सगरमाथा समिट गरेको छ । अर्कोतिर वन फडानी गर्ने र भूमाफियालाई जग्गा प्रदान गर्नेगरी, वन विनास गर्नेगरी कानुन बनाउँदै छ, विधेयक ल्याएको पनि छ,' अध्यक्ष यादवले भनेका छन् । यहींनेर उनको प्रश्न छ, 'हामी कस्तो नीति अंगाल्दैछौं ? यो नीतिलाई पुर्नविचार गरौं । तराईलाई मरुभूमीकरण हुनबाट जोगाऔं ।'

जसपा नेपालले प्रस्तावित भूमि विधेयकमा असन्तुष्टि जनाउँदै आएको छ । यही विधेयकमा रहेको असन्तुष्टिलाई आधार बनाएर सरकारलाई दिएको समर्थन समेत फिर्ता लिएको छ । बिहीबार प्रतिनिधि सभाको बैठकमा बोलेर पनि अध्यक्ष यादवले भूमि विधेयकमा रहेका प्रावधानप्रति असन्तुष्टि जनाउँदै पुर्नविचार गर्न सरकारलाई सुझाव दिएका हुन् ।

भूमि विधेयकलाई कसरी अगाडि बढाउने भन्ने विषयमा कांग्रेस र एमालेका बीचमा गत सोमबार छलफल भएको थियो । उक्त छलफलमा कांग्रेसका तर्फबाट गृहमन्त्री रमेश लेखक, महामन्त्री गगन थापा, कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे र सांसद दिलेन्द्रप्रसाद बडू सहभागी थिए । एमालेका तर्फबाट भूमि व्यवस्थामन्त्री बलराम अधिकारी, एमालेका मुख्य सचेतक महेश बर्तौला उपस्थित थिए ।

दुई दलबीचमा भएको सहमतिअनुसार भूमि विधेयकलाई दफावारका लागि छलफल संसदीय समितिमा लागिएको हो । यो विधेयक ऐनमा रुपान्तरित भएपछि तीन वटा ऐन संशोधन हुनेछ । जस अन्तर्गत भूमि ऐन २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र वन ऐन २०७६ रहेका छन् ।

भूमि व्यवस्थामन्त्री अधिकारीका अनुसार प्रचलित कानुनले घर जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले तोकेको हदभित्रको जग्गा विकास गरी घडेरी, घर वा अपार्टमेन्ट बनाएर बिक्री गर्न पाउँदैनन् । यो खुलाउने गरी विधेयक ल्याइएको हो । 'प्रचलित कानुन बमोजिम घर जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गा विकास गरी घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास इकाई (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न पाउने कानुनी व्यवस्था मिलाउन' विधेयकको उदेश्यबारे अधिकारीले विधेयकमै लेखेका छन् ।

साथै, भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न विधेयक ल्याइएको पनि भूमि व्यवस्थामन्त्री अधिकारीले बताएका छन् । अगाडि लेखेका छन्, 'भूमिहीन दलित, भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न आवश्यक देखिएकोले भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्नका लागि आवश्यक छ ।'

कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेका अनुसार प्रस्तावित विधेयकलाई अगाडि बढाउने सन्दर्भमा कुन तरिका अपनाउने भनेर हुने छलफललाई स्वभाविक मान्नुपर्ने बताउँछन् । उनी भन्छन्, 'विधेयकमाथि दफावार छलफल सभामै पनि हुन सक्छ, संसदीय समितिमा पनि हुन सक्छ । धेरैको जोड संसदीय समितिमै लैजाऔं भन्ने भएपछि भूमि विधेयक संसदीय समितिमै लगेका हौं ।'

सभामै छलफल गरेर भूमि विधेयक पारित गर्ने विषयमा प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रको आपत्ति जनाएको थियो । जनता समाजवादी पार्टी नेपालसहित मधेश केन्द्रित र अन्य साना दलले पनि कांग्रेस र एमालेले भूमि विधेयकमा चलखेल गर्न लागेको भनेर विरोध गर्दै आएका थिए ।

भूमि विधेयकलाई अगाडि बढाउने प्रक्रियाका विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका नेताहरूसँग समेत छलफल गरेका थिए । कांग्रेसका प्रमुख सचेतक घिमिरे सुनाउँछन्, 'प्रमुख प्रतिपक्षी दलको पनि आपत्ति रह्यो । मधेश केन्द्रित दलले पनि विरोध जनाए । के-के न गर्न लागे जस्तो किन बनाउनु भनेर संसदीय समितिमै लगिएको हो ।' अब विधेयकमा सबै दलको सहमति जुटाउन सहज हुने उनको विश्वास छ । उनका अनुसार, विपक्षी दलसँगको सहमति समेत लिएर विधेयक अगाडि बढाउन भूमि विधेयक संसदीय समितिमा लगिएको हो ।

माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे भूमि विधेयकमाथिको दफावार छलफल संसदीय समितिमा हुने वातावरण बनाउनका लागि निकै महेनत गर्नु परेको बताउँछन् । 'पार्टीको तर्फबाट लडाइँ गरे, आजको निर्णय मेरो लडाइँ हो,' उनी भन्छन्, 'पछिल्लो करिब करिब ५ दिन जति त यसमै लागेँ । प्रोसेस र कन्टेन्ट दुवैमा खबरदारी गरियो । जसले विधेयकमाथि बृहत्तर छलफल हुने ढोका खोल्न सम्भव गराएको छ ।'

आफूहरूले भूमि विधेयकलाई छिटो अगाडि बढाउनुपर्ने कारण मागेको, विश्वासिलो आधार भए संसदीय समितिबाटै अगाडि बढाउन भूमिका खेल्न सकिने भनेको पाण्डेले स्मरण गरे । 'फास्ट ट्र्याकमा पारित गर्न अत्यन्त जरुरी छ भन्ने पुष्टि गर्न सरकारले सक्ने थिएन । तथापि, फास्ट ट्र्याक भनिर हेथ्यो जसले शंका बढाएको थियो,' उनी भन्छन्, 'संसदीय समितिमा लैजान नमान्ने र ढिलो भएपनि सभाबार्ट पारित गर्ने भन्ने जो मनसाय देखिन्थ्यो । त्यसले पनि शंका जन्माएकै थियो ।'

सरकारले जबरजस्ती गरे प्रतिपक्षी दलको हैसियतमा आवश्यक विकल्प प्रयोग गर्ने चेतावनीसम्म दिएपछि सत्तापक्ष संसदीय समितिमै दफावार छलफल गर्न तयार भएको उनले सुनाए । प्रमुख सचेतक पाण्डे सुनाउँछन्, 'सभाबाटै पास गर्ने भने हामी अन्य विकल्प पनि प्रयोग गर्छौं भन्यौं । त्यसपछि अन्तिममा सरकार संसदीय समितिमा भूमि विधेयक लैजान तयार भएको हो ।' उनका अनुसार अब भूमि विधेयकमा रहेका कन्टेनका विषयमा छलफल केन्द्रित हुनेछ । यो विधेयकमा ५५ वटा संशोधन परेको छ । 'खासगरी जग्गावाला जो छ उनीहरूका स्वार्थ घुसेका छन् कि ! यावत कोणबाट विधेयकलाई हेरिनेछ,' पाण्डेले भने ।

*(स्रोत: अनलाइनखबर)*

# हेटौंडाका खतिवडा अन्तर्राष्ट्रिय करातेे प्रतियोगितामा सहभागी हुँदै



साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ मकवानपुर क्योकुशिन कराते संघ बालकुमारी (आइकेओ युनियन) हेटौंडाले संघका सल्लाहकार तथा खेलाडी सुदर्शन खतिवडालाई अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुन विशेष कार्यक्रमकाबीच बिदाई गरेको छ ।

खतिवडा यही जुलाई २६ देखि २८ सम्म अजरबैजानको बाकुमा आयोजना हुने अन्तर्राष्ट्रिय बुडो मार्सल आर्ट्स च्याम्पियनसिप २०२५ मा सहभागी हुन हेटौंडाबाट प्रस्थान गर्न लागेका हुन् । हेटौंडा उपमहानगरपालिका-१८ निवासी खतिवडा रामशरण खतिवडा र तारादेवी खतिवडाका माइलो छोरा हुन् । वि.सं. २०३९ मा जन्मिएका उनले सानैदेखि क्योकुशिन कराते खेलमा सक्रिय सहभागिता जनाउँदै आएका थिए ।

विगतमा विभिन्न राष्ट्रिय प्रतियोगितामा सहभागी भई सफलता प्राप्त गरिसकेका खतिवडाको अन्तर्राष्ट्रिय सहभागिता गौरवपूर्ण हुने विश्वास लिएको संघका जिल्ला अध्यक्ष बुद्धिनाथ न्यौपानेले बताए । उनले खतिवडाको अनुभव र मेहनतले देश र जिल्लाको नाम अन्तर्राष्ट्रियस्तरमा उजागर हुने अपेक्षा पनि राखेका छन् । खतिवडाको बिदाई कार्यक्रममा वागमती प्रदेश खेलकुद परिषद्का सदस्य सविन भट्टाचार्यको विशेष उपस्थितिसहित संघका केन्द्रीय उपाध्यक्ष विष्णु श्रेष्ठ, जिल्ला अध्यक्ष न्यौपाने, उपाध्यक्ष अशोक डिमडुङ, सुसन श्रेष्ठ, सुमन कर्माचार्य, शशी बिके, अमृत सुनारलगायत अन्य पदाधिकारी, प्रशिक्षक र खेलाडीको उपस्थिति थियो ।

# एचआईभी संक्रमितको सशक्तिकरण र क्षमता विकास तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ युएफभि संस्थाको आयोजना र मकवानपुर महिला उत्थान समाज, पिएजडी सेन्टर, लायन्स क्लब अफ काठमाडौं युनाइटेड स्टारलगायतको समन्वयमा एचआईभी संक्रमित महिलाको सशक्तिकरण र क्षमता विकास तालिम सम्पन्न भएको छ ।

महिला जनशक्ति बचत तथा ऋण सहकारी संस्था, हेटौंडा-१५ को आयोजनामा भएको तालिम कार्यक्रममा मकवानपुरका १५ जना संक्रमित महिलाको सहभागिता रहेको थियो । तालिम कार्यक्रममा तालिमको उद्देश्यमाथि युएफभिको तर्फबाट डा. रीता ढुंगेलले प्रकाश पार्दै एचआईभी संक्रमित महिलामा आत्मविश्वास अभिवृद्धि, जीवनप्रति सकारात्मक दृष्टिकोण विकास, सामाजिक समावेशिता, तथा आत्मनिर्भरता प्राप्तिका लागि यस्ता तालिम आवश्यक रहेको बताइन् ।

उनले महिला सहभागिलाई आफ्ना क्षमताको पहिचान गरी आत्मशक्ति विकासमार्फत् समाजमा स्थापित हुन प्रेरित गर्न यस्ता तालिम अपरिहार्य भएको उल्लेख गरिन् । जीवनको अनुभव आदानप्रदान सत्रमा मीरा कुँवरले आफ्ना प्रेरणादायक जीवन संघर्षहरु सुनाइन् । प्रशिक्षक डा.राजु क्षेत्रीले मकवानपुरमा एचआईभी प्रभावित महिलाको अवस्था र तथ्यांकबारे जानकारी दिँदै यसक्षेत्रका चुनौती र सम्भावनाबारे विस्तृत जानकारी दिए ।

उनले सहभागीको इच्छा, चाहना र रुचिलाई सर्वेक्षण गर्दै एचआईभी संक्रमितको लागि आर्थिक उपार्जन हुने खालका कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औंल्याए । मकवानपुर जिल्लामा एचआईभी संक्रमणको अवस्था चिन्ताजनक रहेको कार्यक्रम सहभागीले बताएका छन् । हाल मकवानपुरमा ३२८ जना नियमित औषधिसेवन गरिरहेका छन् । मकवानपुर महिला उत्थान समाजका अध्यक्ष कमला सुवेदीको सभाध्यक्षमा कार्यक्रम सहजीकरण सीतादेवी गुरुङले गरिन् ।

# ५० वर्षमा एउटा नहर बनाउन सक्दैन सरकार, धान रोप्न वर्षा कुर्दै मधेश





काठमाडौं/सरकारले मधेश प्रदेशका ८ जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । मन्त्रिपरिषद् बैठकले नै यो निर्णय गरेको हो । नेपालको मुख्य खाद्यबाली धान उब्जनी हुने क्षेत्र मधेशमै पानी नपर्दा यस वर्ष अझै आधा जमिनमा धान रोपाइँ हुन सकेको छैन । एकातर्फ नेपालको मुख्य खाद्य भण्डार मधेश रोपाइँका लागि आकाशे पानी कुरिरहेको छ भने यी जमिनमा बाह्रैमास सिँचाइ सुविधा पुर्‍याउने राज्यले सुरु गरेका राष्ट्रिय गौरवदेखि स-साना आयोजना समेत कुशासनमा फसेका छन् ।

५० वर्षभन्दा लामो समयदेखि अलपत्र सिँचाइ आयोजनाले सरकारको अक्षमता पुन: एक पटक छताछुल्ल पारेको छ । आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार फागुन २०८१ सम्म कुल सिँचाइयोग्य जमिन २५ लाख ३६ हजार ३ सय १९ हेक्टरमध्ये ६२.२८ प्रतिशत जमिनमा मात्र सिँचाइ सुविधा विस्तार भएको छ । साथै, कुल ३५ लाख ५७ हजार ७ सय ६४ हेक्टर कृषियोग्य जमिनमध्ये ४४.४ प्रतिशत जमिनमा मात्र सिँचाइ सुविधा पुगेको तथ्यांक छ ।

सरकारले विनियोजन गर्ने बजेटको आकार पछिल्लो एक दशकमा बढ्दो ट्रेन्डमा छ । तथ्यांक अनुसार हरेक वर्ष १३.६ प्रतिशत औसत प्रतिवर्ष बजेट बढेको छ । तर, सिँचाइ सुविधा पुगेको खेतीयोग्य जमिनमात्र औसत १.५ प्रतिशतले बढेको छ । यसले विनियोजित बजेट खर्च नहुने र सिँचाइका लागि वर्षाकै भर पर्नुपर्ने बाध्यता दोहोरिएको छ । बुधबार संसद्मा मधेशको खडेरीले प्राथमिकता पाएको छ । सबैजसो सांसदले खडेरीका कारण जनताले सास्ती पाएको र यसले खाद्य संकट निम्त्याउने भन्दै चेतावनी दिए । सांसद किसान श्रेष्ठले संकटग्रस्त क्षेत्र घोषणामात्र गरेर राज्यको दायित्व पूरा नहुने भन्दै पानी वितरणमा राजनीति नगर्न चेतावनी समेत दिए ।

### सिक्टा सिँचाइ

राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजनाको अवधारणा सुरु भएको ५० वर्ष नाघेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार यो आयोजनाका लागि पूर्वसम्भाव्यता अध्ययन सन् १९७५/७६ (२०३२/३३ साल) मा भएको हो । २०३२ सालमा यूएनडीपी र एसियाली विकास बैंकको सहयोगमा जर्मन परामर्शदाता फर्मबाट यो आयोजनाको पूर्वसम्भाव्यता अध्ययन भयो । २०३६ सालमा सोही संस्थाबाट सम्भाव्यता अध्ययन सम्पन्न भएको यो आयोजना लामो समयसम्म अनिर्णयको बन्दी बन्यो ।

सरकारले आव २०६२/६३ मा आफ्नै स्रोतबाट आयोजना अगाडि बढाउने निर्णय लियो । यो आयोजनाले बाँके जिल्लाको राप्ती नदी पश्चिम भेगमा ३३ हजार ७ सय ६६ हेक्टर र पूर्वी नहरले राप्ती नदी पूर्वी भेगमा ९ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य राखेको छ । सम्भाव्यता अध्ययनका बेला ७ अर्ब ४५ करोड लागत अनुमान र ७ वर्षमा सक्ने लक्ष्य लिइएको यो आयोजनाको २०८१ फागुनसम्म भौतिक प्रगति ४२ प्रतिशतमात्र छ । आयोजनाको लागत बढेर ५२ अर्ब ६४ करोड पुगिसकेको छ । आयोजना सक्ने लक्ष्य आव २०८९/९० पुगिसकेको छ ।

### भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

नेपालका हिमनदी स्रोत भएका नदीको पानीलाई मझौला नदीमा पथान्तरण गरी बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले अगाडि बढेको आयोजना हो भेरी-बबई डाइभर्सन । जापानी सहयोग नियोग (जाइका) ले सन् १९९८ मा गरेको सम्भाव्यता अध्ययन र वातावरणीय प्रभाव मूल्यांकनका आधारमा सिँचाइ विभागले यो आयोजना अगाडि बढाएको थियो । भेरीको पानी बबई नदीमा खसाली जलविद्युत् समेत उत्पादनको लक्ष्यसहित आयोजना कार्यान्वयन थालिएको थियो । आयोजनाको कार्यालय सुर्खेतमा २०६८ सालमै स्थापना गरी औपचारिकता दिइएको थियो । निर्माण कार्य भने २०७१/७२ देखि सुरु गरिएको हो । संशोधित लागत ३६ अर्ब ८० करोड ७७ लाख रुपैयाँ रहेको आयोजना सम्पन्न हुने अवधि २०८४/८५ तोकिएको छ ।

डाइभर्सन आयोजनामा ३३ अर्ब १९ करोड र भेरी करिडोर विकास आयोजनामा ३ अर्ब ६१ करोड खर्च गर्ने लक्ष्य छ । आयोजनाबाट बाँके र बर्दियाका ५१ हजार हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुग्ने छ । साथै, ४६.८ मेगावाट बिजुली उत्पादन हुनेछ । यो आयोजनाको भौतिक प्रगति फागुन २०८१ सम्म ६७.५ प्रतिशतमात्र पुगेको छ ।

### रानीजमरा कुलरिया सिँचाइ आयोजना

यो आयोजना कैलाली जिल्लामा कार्यान्वयनमा छ । कृषकले निर्माण गरी व्यवस्थापन समेत गरेको यो सबैभन्दा ठूलो सिँचाइ प्रणाली समेत हो । महाकाली नदीको मुख्य स्रोत रहेको यो आयोजना १ सय २० वर्ष अगाडिको सिँचाइ प्रणालीमा आधारित छ । नेपाल सरकारले यस प्रणालीलाई आधुनिकीकरण गर्न २०६६/६७ देखि राष्ट्रिय गौरवको आयोजनाका रूपमा समावेश गरेको हो । यो आयोजना सम्पन्न भएपछि १४ हजार ३ सय हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्ने सिँचाइ विभागले जनाएको छ । २३ हजार ६ सय २२ घरधुरीका १ लाख ४२ हजार ३ सय ६६ मानिस प्रत्यक्ष लाभान्वित हुनेछन् ।

कुल संशोधित लागत २९ अर्ब ५९ करोड ७७ लाख रहेको यस आयोजना सम्पन्न गर्ने लक्ष्य अवधि २०८५/८६ रहेको छ । फागुन २०८१ सम्म यो आयोजनाको भौतिक प्रगति ७६.१० प्रतिशत पुगेको छ ।

### बबई सिँचाइ आयोजना

यो आयोजना निर्माण कार्य २०४५/४६ देखि सरकारले आफ्नै स्रोतबाट सुरु गरेको थियो । बर्दिया जिल्लामा ३६ हजार हेक्टर कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य आयोजनाको छ । साढे तीन दशक पुरानो यो आयोजनाको फागुन २०८१ सम्मको भौतिक प्रगति ७५.५२ प्रतिशत छ । कुल संशोधित लागत १८ अर्ब ९६ करोड रहेकोमा आयोजनाले १३ अर्ब ४३ करोड खर्च गरिससकेको छ । यो आयोजना सम्पन्न गर्ने लक्ष्य २०८२/८३ मा रहे पनि उक्त अवधिमा सम्पन्न नहुने निश्चित रहेको विभागले जनाएको छ ।

### सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना

यो आयोजना सिन्धुली र रामेछाप जिल्लाको सीमानास्थित सुनकोशी नदी र मरिण नदीमा आधारित छ । सुनकोशी नदीको पानीलाई बाँध बाँधेर १३.३ किलोमिटर लामो सुरुङमार्फत मरिण नदीमा खसाली बागमती नदी हुँदै बागमती सिँचाइ आयोजनामा पानी पुर्‍याउने लक्ष्य लिइएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# सरकारले भुक्तानी नदिँदा रोकियो बालबालिकाको मुटुरोग उपचार

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद दीपकबहादुर सिंहले शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रमार्फत् सञ्चालन भइरहेको १५ वर्ष मुनिका बालबालिकाको नि:शुल्क मुटुरोग उपचारसेवा रोकिएको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको बिहीवारको बैठकमा बोल्दै सांसद सिंहले सरकारले भुक्तानी नदिँदा गंगालालमा १५ वर्षमुनिका बालबालिकाले पाउने गरेको नि:शुल्क उपचारसेवा रोकिएको भन्दै सरकारको ध्यानाकर्षण गराएका हुन् ।

सरकारले विपन्न परिवारका बालबालिकाको मुटुरोग उपचारका लागि २ लाख ५० हजार सहायता अनुदान दिने निर्णय गरेको थियो । गत आर्थिक वर्षको भुक्तानी नभएको भन्दै गंगालाले यो सेवा रोकेको छ ।

प्रतिनिधिसभा पूर्वाधार विकास समितिका सभापति तथा सांसद सिंहले नि:शुल्क मुटुरोगको उपचारसेवा तत्काल सुचारु गर्न स्वास्थ्यमन्त्रीको समेत ध्यानाकर्षण गराएका छन् । उनले भिजिट भिसा प्रकरणको छानवीनका लागि संसदीय छानवीन समिति नबनेसम्म राप्रपाले संसद बहिस्कार गर्ने उल्लेख गरे ।

# फ्रान्सका ६२ वटा हलमा 'पूजा, सर' रिलिज

काठमाडौं/विभिन्न अन्तर्राष्ट्रिय फेस्टिभलमा उपस्थिति जनाएपछि गत वर्ष नेपालमा प्रदर्शन भएको फिल्म 'पूजा, सर' (राजागंज) बुधबारबाट युरोपियन राष्ट्र फ्रान्समा रिलिज भएको छ ।

फ्रान्सेली वितरण कम्पनी एआरपी सेलेक्सनका अनुसार फ्रान्सका ६२ हलमा एकैपटक फिल्म रिलिज भएको हो । फिल्मले हलमा दर्शक र समीक्षा दुवै राम्रो पाइरहेको कम्पनीले जनाएको छ ।

उक्त कम्पनीकी सह-उत्पादन प्रमुख मिशेल हाल्बस्टाडले भनेकी छन्, 'यो एउटा यस्तो फिल्म हो, जसले हामीलाई यसको रहस्य, संस्कृति र दृश्यहरूमा सिधै लैजान्छ । यसअर्थमा, यो अप्रत्याशित र आकर्षक छ । हामी फ्रान्सका दर्शकहरूलाई यो फिल्म प्रस्तुत गर्न पाउँदा खुशी छौं ।' एआरपी सेलेक्सन फ्रान्सको अग्रणी फिल्म वितरण कम्पनी हो ।

फ्रान्सअघि 'पूजा, सर'लाई गत मे महिनामा स्विजरल्याण्डका हलमा प्रदर्शन गरिएको थियो । तीन महिना वितिसक्दा पनि अझै ५ वटा सहरमा फिल्म चलिरहेको निर्देशक दीपक रौनियारले जानकारी दिए । अब अष्ट्रेलिया र न्युजिल्याण्डमा प्रदर्शनको तयारी गरिएको छ । त्यसका लागि यसै साता मेलबर्नस्थित 'स्क्रिनएक्सकोप'ले फिल्मको वितरण अधिकार खरिद गरेको छ ।

फिल्मको ब्याकग्राउण्ड स्कोर (साउण्ड ट्र्याक) स्पोटिफाई, अमेजन प्राइम, युट्युब जस्ता प्लाटफर्मबाट २४३ देशमा रिलिज भएको पनि निर्देशक रौनियारले बताएका छन् ।

हङकङ र लण्डन कार्यालय भएको 'प्लाजा मेयर कम्पनी'ले अर्काड सोनी म्युजिकको प्लाटफर्मबाट फिल्मको ब्याकग्राउण्ड स्कोर रिलिज गरेको हो ।

'पूजा, सर'मा आशा मगराती, निकिता चण्डक, दयाहाङ राई, विजय बराल, आरती मण्डल, घनश्याम मिश्रा, ऋचा शर्मा, गौमाया गुरूङ लगायतको अभिनय रहेको छ । सन् २०२४ मा पहिलो पटक भेनिस फिल्म फेस्टिभलमा वर्ल्ड प्रिमियर भएको यो फिल्म बुसान, ह्याम्बर्ग, मुम्बई, गोथेनबर्ग जस्ता विश्वका थुप्रै प्रतिष्ठित फेस्टिभलमा स्क्रिनिङ भइसकेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बागमती सरकारले कृषकलाई बिनाधितो २५ लाख रुपैयाँसम्म ऋण दिने

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ बागमती प्रदेश सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले यस आर्थिक बर्ष २०८२/८३ मा कृषकको व्यावसायिक बिकास र प्रवर्द्धन गर्ने उदेश्यले व्यावसायिक कृषकलक्षित कार्यक्रम ल्याएको छ ।

जसअन्तर्गत प्रदेशका ६ लाख कृषकमध्ये ३ लाख सूचिकृत कृषकले धितोमा ५ लाखदेखि १ करोडसम्म ६ प्रतिशत ब्याजमा सहुलियत ऋण पाउन सक्नेछन् । यसैगरी कर्जा तथा निक्षेप सुरक्षण कोषको साझेदारीमा बिनाधितो १ लाखदेखि २५ लाख रुपैयाँसम्म ऋण पाउने बागमती प्रदेशका कृषि तथा पशुपंक्षी विकासमन्त्री प्रकाश श्रेष्ठले बताए । यो कार्यक्रमले विदेश पलायन हुने युवालाई स्वदेशमै व्यावसायिक कृषि गर्न उत्प्रेरित गर्नुका साथै उनीहरुको क्षमताको विकास र पुँजी लगानीको स्रोत व्यवस्थापनको लागि महत्वपूर्ण हुने उनको भनाइ थियो ।



मन्त्री श्रेष्ठका अनुसार बागमती प्रदेशभित्र कृषिउपजलाई प्रांगारिक मलको प्रयोगबाट व्यवस्थितरुपमा उत्पादन तथा बजारीकरण गर्नुका साथै उपभोक्तासम्म पु¥याउने उद्देश्यले बहुवर्षीय योजनाअन्तर्गत दामन, नुवाकोट, मकवानपुर गढीको सामरीक्षेत्र, धादिङको धुनिबेशी र काठमाडौंको दक्षिणकालीमा स्मार्ट फार्म संचालन गर्न बजेट व्यवस्थापन गरिएको छ । मन्त्रालयले यसै आर्थिक वर्षमा कृषि ज्ञानरत्न नवप्रवर्द्धन कार्यक्रमअन्तर्गत ब्याचलर, स्नातोकर, एमफिल वा पिएचडीको तयारी गरिरहेका युवाको लागि क्रमश ८ लाख, १० लाख र २२ लाख रुपैयाँ बजेटको व्यवस्था गरी कार्यक्रममा आबद्ध हुन आव्हान गर्ने तयारी गरेको छ ।

बागमती प्रदेशका १३ जिल्लामा कुन जिल्लामा के बालीको सम्भावना छ ? अध्ययन गरी बिशेष रैथाने बाली घोषणा गरी उत्पादन तथा प्रवर्द्धन गर्ने तयारीका साथ बजेट व्यवस्थापन गरिएको मन्त्री श्रेष्ठले बताए । यसै आर्थिक वर्षमा प्रदेश सरकारले किबी, गोलभेडा, सागबाट गुन्द्रुक जस्ता प्रशोधन उद्योग संचालन गर्ने लक्ष्य लिइएको छ भने एक पालिका एक प्रबिधिमैत्री सूचना संचारमा आधारित कृषिबजार केन्द्र स्थापना गर्ने भनेर नौ पालिका छनोट गरिएको छ । जसमा प्याकेजको रुपमा कृषि एम्बुलेन्स, बिषादि प्रयोगशाला ल्याब, कोल च्याम्बर र तीनदेखि पाँच कृषि संकलन तथा बितरण केन्द्र निर्माण गर्ने लक्ष्य रहेको छ ।

जसबाट पालिकाले किसानले उत्पादन गरेका बस्तु संकलन र बितरण गर्नेछन् भने सोही उत्पादनको आधारमा कृषिअनुदान दिने नीति लिइएको बताइएको छ । समग्ररुपमा प्रदेशभित्रका जग्गा बाँझो नरहोस्, माटो र भूगोल अनुसारको उत्पादन गर्ने र त्यसमा प्रांगारिक मल, जैविक मल, गड्यौला मल प्रयोग गरी रासायनिक मललाई कम गर्दै जाने लक्ष लिइएको मन्त्री श्रेष्ठले बताए । यस आर्थिक वर्षमा ब्यावसायिकरुपमा कृषि संचालन गरि रहेका कृषक लक्षित कार्यक्रम धेरै भएकाले धेरै भन्दा धेरै कृषकले सरकारको अनुभूति हुनेगरी लाभ लिन सक्ने उनको भनाई छ ।

# बागमती प्रदेश सिटिइभिटीमा ६ सदस्य नियुक्त



साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ बागमती प्रदेश सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् (प्रदेश सिटिइभिटी) मा ६ जना सदस्य नियुक्त गरेको छ । प्रदेशको सामाजिक विकास मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार सदस्यहरु नियुक्ति गरिएको हो ।

परिषद्को सदस्यमा धादिङ धुनिबेशी नगरपालिका-५ का नवराज धिताल, चितवनको खैरहनी नगर पालिका-१२ का नन्दकिशोर चौधरी, मकवानपुरको हेटौंडा-६ का उज्ज्वल चौलागाई, सिन्धुलीको घ्याङ्लेख गाउँपालिका-२ की सीतामाया स्याङ्तान, काठमाडौं-१६ की हसना महर्जन र काठमाडौं-२८ का माधवदेव पन्त रहेका छन् । नियुक्त भएका ६ सदस्यलाई बिहीबार सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीले सपथग्रहण गराएकी छन् । 'प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परिषद् ऐन, २०७४' अनुसार गठित परिषदमा सामाजिक विकासमन्त्री अध्यक्ष रहने तथा एक कार्यकारी निर्देशक रहने व्यवस्था छ ।

ऐनको दफा ३ को उपदफा (२) खण्ड (ठ) बमोजिम प्रदेशस्तरीय ट्रेड युनियन समन्वय समितिबाट एकजना सदस्य मनोनयन हुन बाँकी छ । परिषद्मा नीति तथा योजना आयोग, मन्त्रालयका सचिवहरु, प्राविधिक तालिमविज्ञ, उद्योग क्षेत्रका प्रतिनिधि र ट्रेड युनियन समन्वय समितिका प्रतिनिधि सदस्य रहने व्यवस्था छ । यसपटक नियुक्त भएका ६ जना सदस्य विज्ञता र प्रतिनिधित्वका आधारमा छनोट गरिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम परिषद् (प्रदेश सिटिइभिटी)ले प्रदेशमा योजनाबद्ध रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको व्यवस्था गरी प्राविधिक जनशक्ति उत्पादन तथा प्राविधिक सीपको स्तरनिर्धारण तथा प्रमाणीकरणको क्षेत्रमा काम गर्दै आएको छ ।

# बागमती प्रदेशको 'एक विद्यालय, एकनर्स' प्रभावकारी

## ८८४ विद्यालयमा लागू, १०४ विद्यालयमा नर्स रिक्त, दुर्गमक्षेत्रमा मुस्किल

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ बागमती प्रदेश सरकारले विद्यार्थीको स्वास्थ्य सुधारका लागि सुरु गरेको 'एक विद्यालय, एक नर्स' कार्यक्रम प्रभावकारी बन्दै गएको छ ।

आर्थिक वर्ष २०७५/७६ मा २० वटा सामुदायिक विद्यालयबाट सुरु भएको यो कार्यक्रम हाल प्रदेशका ८ सय ४८ सामुदायिक विद्यालयमा विस्तार भएको छ । बागमती प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार, प्रदेशमा रहेका कुल १५ सय ८८ माध्यमिक विद्यालयमध्ये ५३ प्रतिशतमा यो कार्यक्रम सञ्चालनमा छ । कार्यक्रम प्रभावकारी हुँदाहुँदै पनि १ सय ४ विद्यालयमा नर्स रिक्त छ । विशेषगरी दुर्गम तथा विकटक्षेत्रका विद्यालयमा नर्स जान नमान्दा पदपूर्तिमा समस्या देखिएको छ । रिक्त दर्वन्दीमा पदपूर्तिका लागि वैकल्पिक सूचीका उम्मेदवारबाट प्रयास गरेपनि अपेक्षित सफलता नमिलेको स्वास्थ्य निर्देशनालयका प्रवक्ता अर्जुन पौडेलले बताए ।

विद्यालय नर्स कार्यक्रम सबैभन्दा बढी काठमाडौं जिल्लामा १ सय ८ विद्यालयमा लागू भएको छ । त्यसैगरी, काभ्रेपलाञ्चोकमा ८२, चितवनमा ७६, धादिङमा ७९, दोलखामा ६१, नुवाकोटमा ७६, मकवानपुरमा ७६, भक्तपुरमा २५, रसुवामा १८, रामेछापमा ५१, ललितपुरमा ५४, सिन्धुपाल्चोकमा ७६ र सिन्धुलीमा ८० सामुदायिक विद्यालयमा यो कार्यक्रम सञ्चालन रहेको छ । कार्यक्रम लोकप्रिय भएपनि प्रदेश सरकारले चालू आर्थिक वर्षमा यसको बजेटमा कटौती गरेको छ । गत आर्थिक वर्षमा ४९ करोड रुपैयाँ बजेट विनियोजन भएकोमा चालू आर्थिक वर्षमा ४५ करोड मात्रै छुट्याइएको छ ।

बजेट कटौतीले कार्यक्रमको निरन्तरता र विस्तारमा चुनौती थपिएको छ । विद्यालय तहमा नै विद्यार्थीको समग्र स्वास्थ्य, सरसफाई, पोषण, मानसिक स्वास्थ्य, किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य लगायत विषयमा प्रवर्द्धन गर्न यो कार्यक्रम निकै प्रभावकारी मानिएको छ । यसका साथै, सर्ने तथा नसर्ने रोगका बारेमा विद्यार्थीलाई समयमै जानकारी दिनुका साथै विद्यालय छोड्ने दरमा समेत कमी आएको छ । कार्यक्रम सञ्चालन भएका विद्यालयमा प्रदेश सरकारले एक जना विद्यालय नर्स करारमा नियुक्त गर्ने गरेको छ । दुर्गमक्षेत्रका विद्यालयमा यस सेवाको लाभ विद्यार्थीसँगै अभिभावकले समेत लिने गरेका छन् ।

# ३५ खेलाडीको प्रारम्भिक नामावली सार्वजनिक



साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ आगामी भदौमा भुटानमा आयोजना हुने १७ वर्षमुनिको साफ महिला च्याम्पियनसिपका लागि ३५ खेलाडीको प्रारम्भिक नामावली सार्वजनिक गरिएको छ ।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले हेटौंडाको गौरीटार रंगशालामा सम्पन्न गरेको छनोट क्याम्पमार्फत नामावली सार्वजनिक गरेको हो । प्रारम्भिक टोलीमा छनोट हुनेमा झरना डुमराकोटी, लक्ष्मी वली, गंगा गुरुङ, भूपिका शाही, सवनम राई, दीक्षा रायमाझी, मीना चन्द, रेजिना लामा, एलिजा कुमारी बिके, ज्ञान्सु डोल्मा लो, सम्झना चन्द, पूर्णिमा टाडी, अनु माझी, अन्सु बिके, रविना बिके, आयुशा गुरुङ, डिकी स्याङ्बो तामाङ रहेका छन् ।

यसैगरी, कृतिशा तामाङ, मीनामाया श्रेष्ठ, साहरा लिम्बू, कृपा दाहाल, बब्टिका कार्की, भूमिका बुडाथोकी, आयुषा रेउले, सिर्जना बडुवाल, आशिका कार्की, अस्मिता मगर, मनीषा श्रेष्ठ, सविना तामाङ, पूजा गिरी, पूर्णिमा थारु, यामकुमारी बिके, अनिता रानामगर, दीक्षा रनपाल र विपना परियार प्रारम्भिक टोलीमा छनोट भएका छन् । प्रतियोगिताको तयारीस्वरुप साउन ४, ५ र ६ गते हेटौंडामा आयोजना गरिएको छनोट कार्यक्रममा देशभरका सातवटै प्रदेश फुटबल संघमार्फत् ३५० भन्दा बढी खेलाडीको सहभागिता रहेको थियो । छनोटमा परेका ३५ खेलाडीलाई एन्फाले बन्द प्रशिक्षणका लागि बोलाएको छ ।

आयोजक समिति सदस्य विनोद कार्कीका अनुसार साफ च्याम्पियनसिपमा उत्कृष्ट प्रदर्शन गर्ने लक्ष्यसहित बन्द प्रशिक्षणमार्फत् अन्तिम टोली छनोट र तयारी अगाडि बढाइनेछ । नेपालले भुटानमा हुने प्रतियोगितामा प्रतिस्पर्धा गर्न यू-१७ राष्ट्रिय महिला टोलीलाई व्यावसायिक ढंगले तयार पार्ने योजना अघि सारेको छ । साफ यू-१७ महिला च्याम्पियनसिप २०२५ आगामी भदौ ४ देखि १५ गतेसम्म भुटानमा आयोजना हुँदैछ ।

# हेटौंडामा बोलेरो र जीओ ईभी पिकअप सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ हेटौंडामा महिन्द्राका दुई नयाँ गाडी महिन्द्रा बोलेरो नियो एसयूभी र महिन्द्रा जियो ईभी सार्वजनिक गरिएको छ । अग्नि ग्रुप अन्तर्गतको अग्नि इन्कर्पोरेटेड प्रालिले एकैसाथ दुई नयाँ प्रोडक्ट सार्वजनिक गरेको हो । बागमती प्रदेशका मुख्यसचिव भुपाल बराल, अग्नि ग्रुपका अध्यक्ष क्याबिनेट श्रेष्ठ, अग्नि ग्रुपका प्रबन्धनिर्देशक सुसन श्रेष्ठलगायतको उपस्थितमा एकैसाथ अग्नि लजिस्टिक्स प्रालिको उद्घाटन तथा दुई नयाँ प्रोडक्ट सार्वजनिक गरिएको हो । महिन्द्राको नयाँ एसयूभी महिन्द्रा बोलेरो नियोमा १४९३ सीसीको एमहक १०० बीएसभीआइ इन्जिन छ । यसमा थर्ड जेनेरेसन स्कर्पियो च्यासिस, ३८४ लिटरको फराकिलो बुट स्पेस, ७ सिटर कन्फिगरेसन तथा प्रिमियम इटालियन लेदर इन्टेरियरले सुसज्जित रहेको छ ।

कम्पनीले व्यावसायिक प्रयोजनको लागि नयाँ महिन्द्रा जीओ दुई फरक भेरियन्टमा सार्वजनिक गरेको छ । कम्पनीले 'ईभी डेलिभरी भ्यान' र 'ईभी पिकअप' सार्वजनिक गरेको हो । ३० किलोवाट क्षमताको इलेक्ट्रीक मोटर रहेको जीओ २ ले एकपटकको फुलचार्जमा १६० किलोमिटर रेन्ज दिने कम्पनीको दाबी छ । कम्पनीले इलेक्ट्रीक पिकअप र डेलिभरी भ्यान दुवैको ब्याट्रीमा ३ वर्ष वा १ लाख २५ हजार किलोमिटरको वारेन्टी दिएको छ । यो व्यावसायिक प्रयोगकर्ताको लागि भरपर्दो र किफायती विकल्पको रुपमा रहेको कम्पनीको भनाइ छ । कम लागतमै संचालन हुने जीओ २ पिकअप र डेलिभरी भ्यान सहरभित्र दैनिक खाद्यान्न, खानेपानी, तरकारी इत्यादी उपभोग्य वस्तु डेलिभरी गर्न उपयुक्त साधन रहेको बताइएको छ ।

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५७०००१२५७ | रितेश धिताल | हेटौंडा-०६, मकवानपुर |
| २ | ULI३३००००० ३५७ | सन्तोष सापकोटा | हेटौंडा-०५, मकवानपुर |


**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल सम्पर्क नं.: ०५७-५९०३३३

**हार्दिक समवेदना**



जन्म: २००४/०१/१५
स्वर्गारोहण: २०८२/०३/२९
स्व. शेरबहादुर थापा

बागमती प्रदेश मकवानपुर जिल्ला, हेटौंडा उप-महानगर पालिका वडा नं.-४, कमलडाँडा निवासी यस सामजिक संस्कार सेवा समितिका सदस्य श्री लक्ष्मण थापाज्यूको प्रात: स्मरणीय पिता **शेरबहादुर थापा**को मिति २०८२ असार २९ गते भएको असामयीक निधनले हामी सम्पूर्ण सामाजिक संस्कार समिति परिवारलाई मर्माहत बनाएको छ । शोकको यो दु:खद् घडिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवार जनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

अम्बर बहादुर लामा (अध्यक्ष) एवम्
**सामाजिक संस्कार सेवा समिति परिवार**
हेटौंडा, मकवानपुर

*"मकवानपुरको शिक्षामा शान, गुणास्तरीय शिक्षा, भुटनदेवी मा वि को पहिचान"*

**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

शैक्षिक गुणस्तरमा सामुदायिक विद्यालय तर्फ मकवानपुर जिल्लामै उत्कृष्ट नतिजा हासिल गर्न सफल यस भुटनदेवी मा. वि. हेटौडा-४ मा शैक्षिक सत्र २०८२ का लागि विज्ञान, व्यवस्थापन र ३ वर्षे डिप्लोमा सिभिल इन्जिनियरिङ्गमा धमाधम भर्ना खुल्यो।

**हाम्रा विशेषताहरु:**
१) अत्याधुनिक Computer lab, Science lab/Civil Engineering ल्याबको व्यवस्था भएको ।
२) Multimedia तथा Interactive Board को प्रयोग गरी कक्षा संचालन गरिने ।
३) उपयुक्त भौतिक पूर्वाधार सहितको प्रविधिमैत्री कक्षाकोठा तथा पर्याप्त खेल मैदान भएको ।
४) सुन्दर, शान्त एवम् रमणीय वातावरणमा अध्यापन गराइने ।
५) दक्ष एवम् अनुभवी शिक्षक/प्रशिक्षकहरूद्वारा अध्यापन गराइने ।
६) गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्रिको व्यवस्था भएको

**हाम्रो छात्रवृत्रि कार्यक्रम** :
SEE परीक्षामा
- 3.61 वा सो भन्दा माथि GPA प्राप्त गर्ने विधार्थीलाई भर्ना र मासिक शुल्कमा पूर्ण छुट ।
- GPA-3.21 देखि 3.6 सम्मा प्राप्त गर्ने विद्यार्थीलाई मासिक शुल्कमा पूर्ण छुट
- GPA-2.81 देखि 3.2 सम्म प्राप्त गर्ने विद्यार्थीलाई भर्ना र मासिक शुल्कमा ५०% छुट
- GPA-2.41 देखि 2.8 सम्म प्राप्त गर्ने विद्याधीलाई मासिक शुल्कमा ५०% छुट
- GPA-1.6 देखि 2.4 सम्म प्राप्त गर्ने विद्याथीलाई मासिक शुल्कमा २५%. छुट
- भर्ना फारम धमाधम वितरण भइरहेकोले तुरुन्त सम्पर्क गर्नु होना।

*थप जानकारीको लागि:*

**श्री भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**
हेटौंडा-४, मकवानपुर
सम्पर्क नं.: ९८४५४५९८०५, ९८४५२८६८३०, ९८५५०७१६०७

**भर्ना खुल्यो ! भर्ना खुल्यो !**
**3 YEARS HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, RADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८२/०८३ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरु**
- उत्कृष्ट एवं अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त-OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक बातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा
- उत्कृष्ठ नतिजा
- २९ वर्ष देखि निरन्तर चलिरहेको संस्था

CTEVT को स्वास्थ्य विषयमा पढ्न चाहने विद्यार्थीहरुलाई सुवर्ण अवसर

**कार्यक्रमहरु**

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम शुल्क रु १०००/-

- फारम वितरण मिति: २०८२/08/06 गते मंगलवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८२।08।25 गते आइतवार बेलुका 4:30 सम्म

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना